# Ajako artha

https://www.ajakoartha.com/story/90761

## गोल्छा ग्रुपद्वारा प्रस्तुत 'ग्लोकल टिन हिरो नेपाल-२०२३'को नवौं संस्करणका लागि आवेदन खुला







**काठमाडौं** - गोल्छा ग्रुपद्वारा प्रस्तुत ग्लोकल टिन हिरो नेपाल २०२३ को नवौं संस्करणका लागि आवेदन खुलेको घोषणा गरिएको छ।

यस वर्षको ग्लोकल टिन हिरो नेपाल सेप्टेम्बर ९ मा हुने अवार्ड कार्यक्रम र सम्मेलनमार्फत घोषणा गरिनेछ।

'ग्लोकल टिन हिरो' ग्लोकल प्रालिको एक कार्यक्रम हो। जहाँ किशोर-किशोरीमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरुले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरु माझ चिनाउने कार्य गरिन्छ। ग्लोकल टिन हिरो एक यस्तो प्लेटफर्म हो, जसले किशोर-किशोरीको कार्यहरुलाई पहिचानमात्र नगरी उनीहरुको प्रतिभा उजागर गर्न पनि मद्दत गर्दछ।

यस उपाधिका माध्यमबाट किशोर-किशोरीमा उद्यमशील सोच विकास एवं रचनात्मक सुरुआतका लागि थप उर्जा प्रदान गरिनेछ। नेपालबाट सन् २०१५ मा सुरु भई काठमाण्डौका किशोर-किशोरीलाई मात्र लक्षित गरेर पछि सन् २०१६ सम्ममा यसले नेपालका सबै किशोर-किशोरीका लागि राष्ट्रिय मञ्च उपलब्ध गराउन राष्ट्रव्यापी रुपमा आफ्नो कार्य विस्तार गरेको थियो। हालसम्म नेपालका ८ किशोर-किशोरीलाई ग्लोकल टिन हिरो नेपालका रुपमा सम्मानित गरिएको छ। अन्य दक्षिण एसियाली देशहरुमा आफ्नो क्षितिज विस्तार गर्ने परिकल्पनाका साथ, ग्लोकल टिन हिरोलाई भारतमा, श्रीलंकामा र त्यसपछि बंगलादेशमा क्रमशः २०१९, २०२० र २०२२ मा सुरु गरिएको थियो।

सेप्टेम्बर ९ मा ग्लोकल टिन हिरो नेपाल आयोजना गरिनेछ। शिक्षा, उद्यमशीलता, कूटनीति, एवम अन्य विविध क्षेत्रका व्यक्तित्वहरुको उपस्थितिमा यो कार्यक्रम सञ्चालन गरिनेछ। ग्लोकल टिन हिरो फेसबुक पेज र विभिन्न मिडिया टेलिभिजन मार्फत यो लाइभ स्ट्रिम पनि हुनेछ।










लोकप्रिय

आज पनि घट्यो सुनको मूल्य, कतिमा हुँदैछ कारोबार ?

सुनको मूल्यमा गिरावट, आज कतिमा हुँदैछ कारोबार ?

मूल्यमा नयाँ रेकर्ड कायम भएको सुनको कारोबार साताभरमा कस्तो रह्यो ?

सुनको मूल्य हाल सम्मकै उच्च, आज कतिमा हुँदैछ कारोबार ?

नेपाल शेयरबजारमा सूचीकृत कम्पनीको आईपीओ बाँडफाँट मिति तय

https://www.ajakoartha.com/story/94473

# ग्लोकल टीन हिरोका अन्तिम ६ प्रतिस्पर्धीको नाम घोषणा









**काठमाडौं** - गोल्छा गुरुपद्वारा प्रस्तुत ग्लोकल टिन हिरो २०२३ का अन्तिम ६ प्रतिस्पर्धीको नाम घोषणा भएको छ । देशभरिका किशोर किशोरीहरुबाट कुल ६८१ आवेदन आएकोमा आज अन्तिम ६ प्रतिस्पर्धीको नाम घोषणा गरिएको छ। किशोरकिशोरीहरुमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरुले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर गरी अठ माझ चिनाउने कार्यक्रम 'ग्लोकल टिन हिरो नेपाल' को यो नवौं संस्करण हो। हरेक वर्षझैं यस वर्षपनि सेप्टेम्बर १, २०२३ मा अवार्ड कार्यक्रम र सम्मेलन मार्फत गोल्छा गुरुपद्वारा प्रस्तुत ग्लोकल टिन हिरो नेपाल विजेताको नाम घोषणा गरिनेछ ।

ग्लोकल टिन हिरोका अन्तिम ६ प्रतिस्पर्धी यसप्रकार छन्:

- आर्यन सिग्देल, १७, शिक्षक र अभियन्ता, तनहुँ
- अतिथ अधिकारी, १७, सामाजिक उद्यमी, बाँके










## लोकप्रिय


आज पनि घट्यो सुनको मूल्य, कतिमा हुँदैछ कारोबार ?


सुनको मूल्यमा गिरावट, आज कतिमा हुँदैछ कारोबार ?


मूल्यमा नयाँ रेकर्ड कायम भएको सुनको कारोबार साताभरमा कस्तो रह्यो ?


सुनको मूल्य हाल सम्मकै उच्च, आज कतिमा हुँदैछ कारोबार ?



नेपाल वेयरहाउजिङ कम्पनीको आईपीओ बाँडफाँट मिति तय